# स्थानीय राजपत्र

## पाँचखाल नगरपालिकाद्वारा प्रकाशित

खण्ड १०)　　( संख्या ३　　साउन २९ गते , २०८३ साल


## भाग २

## पाँचखाल नगरपालिका

**पाँचखाल नगरपालिकाले बनाएको तल लेखिए बमोजिमको कार्यविधि सर्वसाधारणको जानकारीको लागि प्रकाशन गरिएको छ ।**

## सम्बत् २०८३ सालको कार्यविधि नं. ३

**प्रस्तावना :** नेपालको संविधानले प्रत्येक बालबालिकाको बाँच्न पाउने, संरक्षण, विकास तथा सहभागिताको अधिकार सुनिश्चित गरेको, बाल अधिकार सम्बन्धी ऐन, २०७५ ले बालबालिकाको सर्वोत्तम हितलाई प्राथमिकता दिएको तथा स्थानीय सरकार सञ्चालन ऐन, २०७४ ले स्थानीय तहलाई बालमैत्री कार्यक्रम सञ्चालन गर्ने अधिकार प्रदान गरेको सन्दर्भमा पाँचखाल नगरपालिकाभित्र जन्मिने दलित समुदायका नवजात शिशुको भविष्य सुरक्षित गर्न, शिक्षा, स्वास्थ्य तथा सामाजिक सुरक्षाका लागि दीर्घकालीन आर्थिक आधार तयार गर्ने उद्देश्यले प्रशासकीय कार्यविधि नियमित गर्ने ऐन, २०७५ को दफा ४ को उपदफा (१) बमोजिम पाँचखाल नगरपालिकाले यो कार्यविधि जारी गरेको छ ।

## परिच्छेद-१

## प्रारम्भिक

१. **संक्षिप्त नाम र प्रारम्भ** : (१) यस कार्यविधिको नाम **"दलित बालबालिकाका लागि बालसंरक्षण अनुदान कार्यविधि, २०८३"** रहेको छ।

(२) यो कार्यविधि पाँचखाल नगर कार्यपालिकाबाट स्वीकृत भएको मितिदेखि लागू हुनेछ।

२. **लागू हुने क्षेत्र :** यो कार्यविधि पाँचखाल नगरपालिकाको सम्पूर्ण क्षेत्रमा लागू हुनेछ।

३. **परिभाषा :** यस कार्यविधिमा, विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा :,

(क) **"नगरपालिका"** भन्नाले पाँचखाल नगरपालिका सम्झनुपर्छ।

(ख) **"कार्यपालिका"** भन्नाले पाँचखाल नगर कार्यपालिका सम्झनुपर्छ।

(ग) **"प्रमुख प्रशासकीय अधिकृत"** भन्नाले पाँचखाल नगरपालिकाको प्रमुख प्रशासकीय अधिकृत सम्झनुपर्छ।

(घ)**"दलित बालबालिका"** भन्नाले पाँचखाल नगरपालिका क्षेत्रभित्र जन्मिएको दलित समुदायको नवजात शिशु सम्झनुपर्छ।

(ङ) **"अनुदान"** भन्नाले यस कार्यविधि बमोजिम उपलब्ध गराइने रु. १,००,००० (एक लाख रुपैयाँ) बालसंरक्षण अनुदान सम्झनुपर्छ।

(च)**"संरक्षक"** भन्नाले शिशुको आमा तथा प्रचलित कानूनबमोजिमको कानुनी संरक्षक सम्झनुपर्छ।

(छ)**"तोकिएको बैङ्क** भन्नाले नगरपालिकाले तोकेको बैङ्क वा वित्तीय संस्था सम्झनुपर्छ।

## परिच्छेद-२

## उद्देश्य

४. **उद्देश्य :** यस कार्यविधिका उद्देश्य देहाय बमोजिम रहेको छ।

(क) दलित समुदायका नवजात शिशुको उज्ज्वल भविष्यका लागि आर्थिक सुरक्षा कोषको व्यवस्था गर्नु।

(ख) बालबालिकाको शिक्षा, स्वास्थ्य तथा समग्र विकासमा दीर्घकालीन लगानी सुनिश्चित गर्नु।

(ग) दलित समुदायको सामाजिक तथा आर्थिक सशक्तीकरणमा सहयोग पुऱ्याउनु।

(घ) जन्मदर्ता तथा व्यक्तिगत घटना दर्तालाई प्रोत्साहन गर्नु।

## परिच्छेद-३

## अनुदान सम्बन्धी व्यवस्था

५. **कार्यक्रम :** यस कार्यक्रमको नाम **"दलित नवजात शिशु उज्वल भविष्य कार्यक्रम"** रहेको छ।

६. **बजेट :** कार्यक्रम सञ्चालनका लागि नगरपालिकाले वार्षिक रूपमा विनियोजन गरेको बजेटबाट खर्च बेहोरिने छ।

७. **अनुदान रकम :** योग्य प्रत्येक नवजात दलित शिशुलाई एकमुष्ट रु. १,००,००० (एक लाख रुपैयाँ) नेपाल **बैङ्कको** खातामा जम्मा गरिनेछ।

## परिच्छेद-४

## लाभग्राही तथा योग्यता

८. **लाभग्राही :** देहायका सबै शर्त पूरा गरेको नवजात शिशुले अनुदान प्राप्त गर्नेछ।

(क) पाँचखाल नगरपालिकाको स्थायी बासिन्दा भएको परिवारमा जन्मिएको हुनुपर्ने।

(ख) दलित समुदायभित्र पर्ने जातजातिको हुनुपर्ने।

(ग) जन्मदर्ता भएको हुनुपर्ने।

९. **विशेष व्यवस्था :** यदि दलित समुदायको व्यक्तिले गैरदलित समुदायसँग मिल्ने थर प्रयोग गरेको कारण दलित पहिचानमा अन्योल देखिएमा राष्ट्रिय दलित आयोगबाट जारी भएको दलित भएको सिफारिस अनिवार्य पेश गर्नुपर्नेछ।

## परिच्छेद-५

## निवेदन तथा स्वीकृति प्रक्रिया

१०. **निवेदन :** (१) शिशुको आमा वा कानुनी संरक्षकले अनुसूची-१ बमोजिमको निवेदन पेश गर्नुपर्नेछ।

(२) निवेदनसँग देहायका कागजात संलग्न गर्नुपर्नेछ।

(क) शिशुको जन्मदर्ता प्रमाणपत्र

(ख) आमाको नागरिकता

(ग) बाबुको नागरिकता (उपलब्ध भएमा)

(घ) स्थायी बसोबास खुल्ने प्रमाण

(ङ) बैङ्क खाता विवरण

(च) आवश्यक परे राष्ट्रिय दलित आयोगको सिफारिस

**११. जाँचबुझ :** सम्बन्धित वडा कार्यालयले कागजात जाँच गरी सिफारिससहित सामाजिक विकास शाखामा पठाउनेछ।

**१२. स्वीकृति :** सामाजिक विकास शाखाले परीक्षण गरी प्रमुख प्रशासकीय अधिकृतसमक्ष स्वीकृतिका लागि पेश गर्नेछ।

## परिच्छेद-६

## बैङ्क खाता सञ्चालन

**१३. बैङ्क खाता :** (१) अनुदान रकम शिशुको नाममा खोलिएको बैङ्क खातामा जम्मा गरिनेछ।

(२) खातामा आमालाई संरक्षक (Guardian) को रूपमा उल्लेख गरिनेछ।

(3) आमा नभएमा बाबुलाई संरक्षक (Guardian) को रूपमा उल्लेख गरिनेछ।

**१४. रकम सञ्चालन :** (१) शिशुले अठार (१८) वर्ष उमेर पूरा नगरेसम्म उक्त खाताबाट रकम झिक्न, स्थानान्तरण गर्न वा कुनै पनि प्रकारको वित्तीय कारोबार गर्न पाइने छैन ।

(२) बैङ्कले नगरपालिकाको स्वीकृतिबिना खातामा कुनै कारोबार गर्न नदिने व्यवस्था मिलाउनुपर्नेछ।

## परिच्छेद-७

## अनुगमन

**१५. अनुगमन :** कार्यक्रमको अनुगमन सामाजिक विकास शाखाले सम्बन्धित वडा कार्यालयसँग समन्वय गरी गर्नेछ।

**१६. अभिलेख :** प्रत्येक लाभग्राहीको डिजिटल तथा भौतिक अभिलेख सुरक्षित राखिनेछ।

## परिच्छेद-८

## विविध

**१७. झुट्टा विवरण :** झुट्टा विवरण पेश गरी अनुदान प्राप्त गरेको पाइएमा प्रचलित कानून बमोजिम रकम असुलउपर गरिनेछ।

**१८. बाधा अड्काउ फुकाउने अधिकार :** यस कार्यविधिको कार्यान्वयनमा कुनै कठिनाइ उत्पन्न भएमा नगर कार्यपालिकाले आवश्यक निर्णय गर्न सक्नेछ।

**१९. संशोधन :** यस कार्यविधि नगर कार्यपालिकाले आवश्यकतानुसार संशोधन गर्न सक्नेछ।

## अनुसूची-१
**(दफा १० को उपदफा (१) सँग सम्बन्धित)**

**दलित बालबालिकाका लागि बालसंरक्षण अनुदान प्राप्त गर्न दिने निवेदन**

श्री प्रमुख प्रशासकीय अधिकृतज्यू,
पाँचखाल नगरपालिका, काभ्रेपलाञ्चोक।

**विषयः बालसंरक्षण अनुदान उपलब्ध गराइदिनु हुन।**

म निम्न विवरण बमोजिम मेरो नवजात शिशुको नाममा "दलित नवजात शिशु उज्वल भविष्य कार्यक्रम" अन्तर्गत बालसंरक्षण अनुदान उपलब्ध गराइदिन अनुरोध गर्दछु।

**१. शिशुको विवरण**

- नाम :
- लिङ्ग : जन्म मिति :
- जन्म स्थान : जन्मदर्ता नं. :

**२. निवेदक (आमा/संरक्षक) को विवरण**

- नाम :
- ठेगाना :
- नागरिकता नं. : जारी जिल्ला;
- जारी मिति;
- सम्पर्क नं. :

**३. बाबुको विवरण**

- नाम :
- नागरिकता नं. : जारी जिल्ला;
  जारी मिति;

**४. बैङ्क खाताको विवरण**

- बैङ्कको नाम :

शाखा :

- खाता नं. :
- खातावालाको नाम :

**संलग्न कागजात**

- जन्मदर्ता प्रमाणपत्रको प्रतिलिपी
- आमा वा संरक्षकको नागरिकता प्रमाणपत्रको प्रतिलिपी
- बाबुको नागरिकता (उपलब्ध भएमा) को प्रतिलिपी
- बैङ्क खाताको प्रमाण चेकको प्रतिलिपी
- राष्ट्रिय दलित आयोगको सिफारिस (गैरदलितसँग मिल्ने थर भएकाको हकमा )
- अन्य

माथि उल्लेखित विवरण सत्य रहेको व्यहोरा प्रमाणित गर्दछु।

निवेदकको हस्ताक्षर :

नाम :

मिति :

**अनुसूची-२**

**(दफा १६ सँग सम्बन्धित)**

**लाभग्राही विवरण दर्ता पुस्तिका**

| क्र. सं. | शिशुको नाम | जन्म मिति | आमा | बाबु | वडा नं. | बैङ्क खाता नं. | रकम जम्मा मिति | कैफियत |
|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | |
| | | | | | | | | |

सिफारिस गर्ने | प्रमाणित गर्ने

शाखा प्रमुख............ | प्रमुख प्रशासकीय अधिकृत ............

## अनुसूची-३
**(दफा १६ सँग सम्बन्धित)**

**लाभग्राही परिचयपत्र**

**पाँचखाल नगरपालिका**

**दलित नवजात शिशु उज्वल भविष्य कार्यक्रम**

परिचयपत्र नं. : ..................

१. शिशुको नाम :

२. जन्म मिति :

३. जन्मदर्ता नं. :

४. आमाको नाम :

५. बाबुको नाम :

६. स्थायी ठेगान :

७. बैङ्क :

८. खाता नं. :

९. अनुदान रकम : रु. १,००,०००/-

१०. रकम जम्मा मिति :

.............................

प्रमुख प्रशासकीय अधिकृत

## अनुसूची-४
**(दफा १० सँग सम्बन्धित)**

**स्वघोषणा पत्र**

म ..........................................................., पाँचखाल नगरपालिका वडा नं. ......... स्थायी बसोबास गर्ने, यस कार्यविधिबमोजिम अनुदान प्राप्त गर्न निवेदन दिएको हुँदा देहायका विवरणहरू सत्य रहेको स्वघोषणा गर्दछु-

१. प्रस्तुत गरेको सबै विवरण सत्य छन्।

२. मेरो शिशु यस कार्यविधिबमोजिम अनुदान प्राप्त गर्न योग्य छ।

३. झुट्टा विवरण पेश गरेको प्रमाणित भएमा प्रचलित कानूनबमोजिम कारबाही तथा अनुदान रकम फिर्ता गर्न मञ्जुर छु।

४. यस कार्यविधिमा उल्लेखित सबै शर्तहरू पालना गर्नेछु।

निवेदक

नाम :

हस्ताक्षर :

मिति :

## अनुसूची-५
## (दफा १४ सँग सम्बन्धित)
## बालसंरक्षण अनुदान रकम संरक्षण सम्बन्धी सम्झौता

यो सम्झौता मिति ................ मा पाँचखाल नगरपालिका (यसपछि "प्रथम पक्ष" भनिने) र श्रीमती ............................................ (शिशु ........................................... का आमा/कानुनी संरक्षक) (यसपछि "दोस्रो पक्ष" भनिने) बीच देहाय बमोजिम सम्पन्न भयो।

**१. उद्देश्य :** दलित नवजात शिशु उज्वल भविष्य कार्यक्रम अन्तर्गत उपलब्ध गराइने रु. १,००,००० (एक लाख रुपैयाँ) अनुदान रकम शिशुको दीर्घकालीन हितका लागि सुरक्षित राख्ने।

**२. रकम जम्मा :** नगरपालिकाले स्वीकृत अनुदान रकम शिशुको नाममा खोलिएको बैङ्क खातामा जम्मा गर्नेछ।

**३. संरक्षक :** शिशु बालिग नभएसम्म खातामा आमालाई संरक्षक (Guardian) को रूपमा राखिनेछ।

**४. रकमको प्रयोग :** (क) शिशुले अठार (१८) वर्ष उमेर पूरा नगरेसम्म उक्त खाताबाट रकम झिक्न, स्थानान्तरण गर्न, धितो राख्न वा अन्य कुनै वित्तीय कारोबार गर्न पाइने छैन।
(ख) दोस्रो पक्षले कुनै पनि बहानामा उक्त रकम झिक्न वा प्रयोग गर्न माग गर्ने छैन।

**५. बैङ्कसम्बन्धी व्यवस्था :** दोस्रो पक्षले नगरपालिकाले तोकेको बैङ्कमा मात्र खाता खोल्न तथा बैङ्कले खातामा "१८ वर्ष पूरा नभएसम्म कारोबार निषेध" भन्ने सर्त लागू गर्न सहमति जनाउनेछ।

**६. गलत विवरण :** झुट्टा विवरणका आधारमा अनुदान प्राप्त भएको प्रमाणित भएमा नगरपालिकाले अनुदान रकम असुलउपर गर्न सक्नेछ।

**७. विवाद समाधान :** यस सम्झौताबाट उत्पन्न विवाद प्रचलित कानूनबमोजिम समाधान गरिनेछ।

**८. सम्झौताको अवधि :** यो सम्झौता अनुदान रकम जम्मा भएको मितिदेखि शिशुले अठार (१८) वर्ष पूरा गरेको मितिसम्म कायम रहनेछ ।

**प्रथम पक्ष**

पाँचखाल नगरपालिका

नाम : ........................................
पद : ..........................................
हस्ताक्षर : ..................................
छाप

**दोस्रो पक्ष (आमा/संरक्षक)**
नाम : ........................................
नागरिकता नं. : .............................
हस्ताक्षर : ..................................
**साक्षी १**
नाम :
हस्ताक्षर :
**साक्षी २**
नाम :
हस्ताक्षर :

## अनुसूची-६
## (दफा १३ र दफा १४ सँग सम्बन्धित)
## त्रिपक्षीय सम्झौता

**(बालसंरक्षण अनुदान रकम संरक्षण सम्बन्धी)**
यो सम्झौता मिति ......................... मा देहायका पक्षहरूबीच सम्पन्न भएको छः

**प्रथम पक्ष :**

पाँचखाल नगरपालिका, नगर कार्यपालिकाको कार्यालय, पाँचखाल, काभ्रेपलाञ्चोक।

**दोस्रो पक्ष :**
श्रीमती .............................................
(नवजात शिशु ............................................. की आमा/कानुनी संरक्षक)

**तेस्रो पक्ष :**

.................................................. बैङ्क लिमिटेड

......................................... शाखा

**१. सम्झौताको उद्देश्य :** दलित नवजात शिशु उज्ज्वल भविष्य कार्यक्रम अन्तर्गत प्रदान गरिने रु. १,००,००० (अक्षरेपी एक लाख रुपैयाँ मात्र) शिशुको दीर्घकालीन हितका लागि सुरक्षित राख्ने तथा शिशुले अठार (१८) वर्ष उमेर पूरा नगरेसम्म उक्त रकम सुरक्षित रहने व्यवस्था गर्नु।

**२. खाता सञ्चालन :** १. शिशुको नाममा बचत खाता खोलिनेछ।

२. खातामा आमालाई संरक्षक (Guardian) को रूपमा उल्लेख गरिनेछ।

३. खाता सञ्चालन गर्दा यस सम्झौताका शर्तहरू बैङ्कको अभिलेखमा अनिवार्य रूपमा उल्लेख गरिनेछ।

**३. नगरपालिका (प्रथम पक्ष) को दायित्व :** १. कार्यविधिअनुसार स्वीकृत अनुदान रकम सम्बन्धित खातामा जम्मा गर्ने।

२. लाभग्राहीको अभिलेख सुरक्षित राख्ने।

३. आवश्यक समन्वय तथा अनुगमन गर्ने।

**४. लाभग्राही (दोस्रो पक्ष) को दायित्व :** १. सत्य विवरण उपलब्ध गराउने।

२. कार्यविधि तथा यस सम्झौताका सम्पूर्ण शर्त पालना गर्ने।

३. शिशुले १८ वर्ष पूरा नगरेसम्म रकम झिक्न, स्थानान्तरण गर्न वा अन्य कुनै प्रकारको वित्तीय सुविधा माग नगर्ने।

४. झुट्टा विवरणका आधारमा अनुदान प्राप्त भएको प्रमाणित भएमा रकम फिर्ता गर्न सहमत रहने।

**५. बैङ्क (तेस्रो पक्ष) को दायित्व :** १. खातामा जम्मा भएको अनुदान रकम सुरक्षित राख्ने।

२. शिशुले १८ वर्ष उमेर पूरा नगरेसम्म निम्न कार्य नगर्नेः

- नगद झिक्न नदिने।
- चेकबुक जारी नगर्ने।
- एटीएम/डेबिट कार्ड जारी नगर्ने।
- मोबाइल बैंकिङ वा इन्टरनेट बैंकिङमार्फत रकम स्थानान्तरण गर्न नदिने।
- खातालाई धितो वा कर्जा प्रयोजनमा प्रयोग गर्न नदिने।
- कुनै तेस्रो पक्षको दाबी वा निर्देशका आधारमा रकम भुक्तानी नगर्ने, कानून वा

सक्षम अदालतको आदेशबाहेक।

३. शिशुले १८ वर्ष पूरा भएपछि नगरपालिकाको जानकारीसहित खातालाई सामान्य बचत खातामा रूपान्तरण गर्ने।

**६. विशेष व्यवस्था** : १. खातामा जम्मा भएको रकममा बैङ्कले लागू हुने ब्याजदरअनुसार ब्याज प्रदान गर्नेछ।

२. प्राप्त हुने सम्पूर्ण ब्याज मूल रकमकै अंश मानी सोही खातामा रहनेछ।

३. खाताबाट कुनै सेवा शुल्क, जरिवाना वा अन्य शुल्क कटौती गरिने छैन, बैङ्कको प्रचलित नियमअनुसार कानूनी रूपमा अनिवार्य शुल्क बाहेक।

**७. विशेष परिस्थितिमा रकम प्रयोग :** शिशुको जीवनरक्षा वा गम्भीर स्वास्थ्य उपचारका लागि रकम प्रयोग गर्नुपर्ने असाधारण अवस्था उत्पन्न भएमा नगर कार्यपालिकाको निर्णय, सम्बन्धित बैङ्कको सहमति तथा प्रचलित कानूनबमोजिम मात्र खाताबाट आंशिक वा पूर्ण रकम प्रयोग गर्न सकिनेछ।

**८. विवाद समाधान :** यस सम्झौताबाट उत्पन्न विवाद प्रचलित कानूनबमोजिम आपसी सहमतिबाट समाधान गरिनेछ। सहमतिबाट समाधान हुन नसकेमा सम्बन्धित अदालतमा कानूनी उपचार खोज्न सकिनेछ।

**९. सम्झौताको अवधि :** यो सम्झौता अनुदान रकम खातामा जम्मा भएको मितिदेखि शिशुले अठार (१८) वर्ष उमेर पूरा गरी खातामाथि आफैं कानूनी अधिकार प्राप्त गर्ने मितिसम्म कायम रहनेछ।

**१०. अन्य व्यवस्था :** यस सम्झौतामा उल्लेख नभएका विषयहरू प्रचलित कानून, बाल अधिकार सम्बन्धी कानून, बैङ्क तथा वित्तीय संस्थासम्बन्धी प्रचलित व्यवस्था तथा पाँचखाल नगरपालिकाको "दलित बालबालिकाका लागि बालसंरक्षण अनुदान कार्यविधि, २०८३" बमोजिम हुनेछन्।

**प्रथम पक्ष**

**पाँचखाल नगरपालिका**

नाम : ............................................
पद : ..............................................
हस्ताक्षर : .......................................
कार्यालयको छाप

**दोस्रो पक्ष**

**आमा/कानुनी संरक्षक**

नाम : ...........................................
नागरिकता नं. : ..................................
ठेगाना : ..........................................
हस्ताक्षर : .......................................

**तेस्रो पक्ष**

**.................................. बैङ्क लिमिटेड**

शाखा प्रमुख : ....................................

हस्ताक्षर : .......................................
कार्यालयको छाप

**साक्षी**

**साक्षी-१**

नाम : ...........................................
पद : ...............................................
हस्ताक्षर : .......................................

**साक्षी-२**

नाम : ............................................
ठेगाना : ..........................................
हस्ताक्षर : .......................................

**अनुसूची-७**
**(दफा ११ सँग सम्बन्धित)**
**वडा कार्यालयको सिफारिस**
**पाँचखाल नगरपालिका**
**वडा नं. .......... को कार्यालय**

पत्र संख्या : ................
चलानी नं. : .................
मिति : .......................

**विषयः दलित बालबालिकाका लागि बालसंरक्षण अनुदान उपलब्ध गराउन सिफारिस।**

श्री प्रमुख प्रशासकीय अधिकृतज्यू
पाँचखाल नगरपालिका

यस वडा कार्यालयमा मिति .............. मा श्रीमती .................................. ले आफ्ना नवजात शिशु ..................................... का नाममा बालसंरक्षण अनुदान उपलब्ध गराइदिन निवेदन पेश गर्नुभएकोमा यस कार्यालयबाट आवश्यक कागजात तथा विवरण परीक्षण गर्दा देहायका तथ्यहरू प्रमाणित भएकोले अनुदान उपलब्ध गराइदिन सिफारिस गरिएको छ।

**प्रमाणित विवरण**

१. परिवार पाँचखाल नगरपालिकाको स्थायी बासिन्दा रहेको।
२. शिशुको जन्मदर्ता भएको।
३. शिशु दलित समुदायभित्र पर्ने।
४. पेश भएका कागजात सत्य देखिएको।
५. आवश्यक परे राष्ट्रिय दलित आयोगको सिफारिस पेश गरिएको।

यसैले कार्यविधिबमोजिम अनुदान उपलब्ध गराइदिन सिफारिस गरिन्छ।

वडा सचिव
नाम : ............................
हस्ताक्षर :
वडा अध्यक्ष
नाम : ............................
हस्ताक्षर तथा छाप

**अनुसूची-८**
**(दफा १३ र १४ सँग सम्बन्धित)**
**बैङ्कलाई खाता सञ्चालन तथा रकम रोक्का राख्न पठाइने पत्र**
**पाँचखाल नगरपालिका**
नगर कार्यपालिकाको कार्यालय

पत्र संख्या : ...............
चलानी नं. : ..................

मिति : .......................

श्री शाखा प्रबन्धकज्यू
................................ बैङ्क लिमिटेड

**विषयः अनुदान रकम खातामा जम्मा तथा कारोबार रोक्का राख्ने सम्बन्धमा।**

महोदय,
पाँचखाल नगरपालिकाको **दलित बालबालिकाका लागि बालसंरक्षण अनुदान कार्यविधि, २०८३** बमोजिम देहायका नवजात शिशुको नाममा रु. १,००,००० (एक लाख रुपैयाँ) जम्मा गरिने भएकोले उक्त खातामा रकम जम्मा गरी शिशुले अठार (१८) वर्ष उमेर पूरा नगरेसम्म देहायका व्यवस्था लागू गरिदिनु हुन अनुरोध छ।

**लाभग्राही विवरण**
शिशुको नाम :
जन्म मिति :
आमाको नाम :
खाता नं. :

**लागू गर्नुपर्ने व्यवस्था**
१. नगद झिक्न नपाइने।
२. चेकबुक जारी नगर्ने।
३. एटीएम कार्ड जारी नगर्ने।
४. मोबाइल बैंकिङ तथा इन्टरनेट बैंकिङमार्फत रकम स्थानान्तरण गर्न नदिने।
५. धितो वा कर्जा प्रयोजनमा प्रयोग गर्न नदिने।
६. ब्याज भने नियमित रूपमा खातामा जम्मा गरिरहने।
७. नगरपालिकाको लिखित सिफारिसबिना खातामा कुनै डेबिट कारोबार नगर्ने।

प्रमुख प्रशासकीय अधिकृत
पाँचखाल नगरपालिका
(हस्ताक्षर तथा छाप)

**अनुसूची-९**

**(दफा १४ सँग सम्बन्धित)**

**खाताको रोक्का फुकुवा तथा रकम उपलब्ध गराउन सिफारिस**

**पाँचखाल नगरपालिका**

नगर कार्यपालिकाको कार्यालय

पत्र संख्या : ...............

चलानी नं. : ..................

मिति : .......................

श्री शाखा प्रबन्धकज्यू

................................ बैङ्क लिमिटेड

**विषयः खाताको रोक्का फुकुवा गरी रकम उपलब्ध गराउने सम्बन्धमा।**

महोदय,

पाँचखाल नगरपालिकाको **दलित बालबालिकाका लागि बालसंरक्षण अनुदान कार्यविधि, २०८३** बमोजिम खोलिएको देहायको खाताका खातावालाले अठार (१८) वर्ष उमेर पूरा गरेको तथा आवश्यक प्रमाण पेश गरेकोले उक्त खातामा रहेको रकम तथा ब्याज प्रचलित बैंकिङ नियमअनुसार खातावालालाई उपलब्ध गराइदिन अनुरोध गरिन्छ।

**खातावालाको विवरण**

नाम :

जन्म मिति :

नागरिकता नं. :

खाता नं. :

बैङ्क :

संलग्न कागजात

□ नागरिकता प्रमाणपत्र

□ जन्मदर्ता प्रमाणपत्र

□ नगरपालिकाबाट जारी परिचयपत्र

□ अन्य

प्रमुख प्रशासकीय अधिकृत
पाँचखाल नगरपालिका
(हस्ताक्षर तथा कार्यालयको छाप)

आज्ञाले,
पुरुषोत्तम सापकोटा
प्रमुख प्रशासकीय अधिकृत